# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : ५ २०८० फाल्गुन २८

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## <u>सूचना</u>

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## छायाँनाथ रारा नगरपालिका नगर प्रमुख संग बालबालिका कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०

**नगर प्रमुखसँग बालबालिका कार्यक्रम (पहिलो संशोधन) सञ्चालन कार्यविधि, २०८०**

प्रमाणित मिति
२०८०/०५/१५
प्रकाशित मिति
२०८०/०६/१०

**संशोधन**

पहिलो संशोधन २०८०/११/२७

सम्वत २०८० को कार्यविधि नं. २८

**नगर प्रमुखसँग बालबालिका कार्यक्रम सम्बन्धि कानूनलाई संशोधन गर्न बनेको कार्यविधि**

**प्रस्तावनाः** नगर क्षेत्र भित्रका सवै बालबालिकाहरुलाई विद्यालय भर्ना गरी ति बालबालिकाहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विविध शैक्षिक कार्यक्रमहरु संचालन गर्न र बाल अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपुर्ति गरी बालबालिकाको सर्वोतम हित कायम गर्न बाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धि ऐन, २०७५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि बनाई जारी गरिएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "नगर प्रमुख संग बालबालिका कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिका नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ख) " नगरपालिका" भन्नाले छायाँनाथ रारा नगरपालिका सम्झनु पर्छ।

(ग) "प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(घ) "उप-प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिम तथा छायाँनाथ रारा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ।

(छ) "नगर सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा (१) वमोजिम नगरसभा सम्झनु पर्छ।

(ज) "योजना" भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई सम्झनु पर्छ।

(झ) "वडा" भन्नाले छायाँनाथ रारा नगरपालिकामा रहेको वडा सम्झनु पर्छ।

(ञ) "वडा अध्यक्ष" भन्नाले छायाँनाथ रारा नगरपालिकामा रहेको वडाको अध्यक्ष सम्झनु पर्छ।

(ट) "सदस्य" भन्नाले नगरपालिकाको वडा सदस्य सम्झनु पर्छ।

(ठ) "वडा समिति" भन्नाले नगरपालिकाको वडा समिति सम्झनु पर्छ।

(ड) "सरकारी संस्था" भन्नाले नगरपालिका, वडा कार्यालय, स्थानिय स्तरका विषयगत कार्यालय, विद्यालय आदीलाई सम्झनु पर्छ।

(ढ) "गै.स.स" भन्नाले समाज कल्याण ऐन अन्तर्गत दर्ता भएका गै.स.स., आमा समुह, युवा क्लव, उपभोक्ता समिति, सहकारी संस्था, कृषि, पशु लगाएतका विभिन्न व्यवसायिक संस्था आदी लाई सम्झनु पर्छ।

(ण) "कार्यविधि" भन्नाले छायाँनाथ रारा नगरपालिका "नगर प्रमुखसंग बालबालिका कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" सम्झनु पर्छ।

✍(त) "कर्मचारी" भन्नाले कार्यक्रम हेरफेर तथा निर्देशित काम गर्ने नियुक्ति गरिएका व्यक्तिलाई सम्झनु पर्छ।

## परिच्छेद-३

## कार्यक्रमका उद्देश्य र सञ्चालनका क्षेत्रहरु

३. **कार्यक्रमको उद्देश्यः** (१) यस कार्यक्रमको क्षेत्रहरु देहाय बमोजिम रहेको छ।

(क) नगर क्षेत्र भित्रका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गरी ति बालबालकिाहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विविध शैक्षिक कार्यक्रमहरु संचालन गर्ने।

४. **नगर प्रमुखसंग बालबालिका कार्यक्रम संचालन गर्न सकिने क्षेत्रहरुः** (१) नगर प्रमुखसंग बालबालिका कार्यक्रम संचालन गर्न सकिने क्षेत्रहरु देहाय बमोजिम रहेको छः-

**(क) शैक्षिक कार्यक्रमः** शिशुस्यार केन्द्र, स्वास्थ्य केन्द्र, शैक्षिक गुणस्तर वृद्धि र अनिवार्य शिक्षा, लगायत देहाय बमोजिम अन्य कार्य रहेको छः-

(१) विद्यालय उमेर समुहका विद्यालय भर्ना नभएका बालबालिका लाई विद्यालय भर्ना गर्ने कार्यक्रम,

(२) सामुदायिक विद्यालयका गरीब तथा जेहेन्दार बालबालिकालाई झोला, पोशाक तथा शैक्षिक सामाग्री वितरण कार्यक्रम,

(३) आमा बुवाको मृत्यु भएका वा नभएका बालबालिकालाई नगरपालिकाबाट पोशाक, झोला तथा शैक्षिक सामाग्री वितरण कार्यक्रम,

(४) अल्पसंख्यक तथा विपन्न, दलित बालबालिकालाई छात्रवृत्ति वितरण,

(५) सामुदायिक विद्यालयको कक्षा कोठा व्यवस्थापन तथा फर्निचर व्यवस्था।

**(ख) क्षमता विकास कार्यक्रमः** तालिम, अवलोकन भ्रमण, शिप विकास, खेलकूद संचालन तथा खेल सामग्री वितरण, विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम तथा विद्यार्थी पुरस्कार, पठनपाठनका शैक्षिक सामाग्री वितरण तथा भेटघाट कार्यक्रम।

**(ग) रोजगार मुलक कार्यक्रमः** रोजगार मुलक तालिम, सिप, लगानी तथा साझेदारी सहयोग।

**(घ) शान्ती र हिंसा विरुद्ध कार्यक्रमः** मेलमिलाप, मध्येस्थता र अन्य शान्ती सद्भाव कार्य, घरेलु हिंसा र यौन जन्य हिंसा।

✍पहिलो संशोधनबाट थप गरिएको

(ङ) **राहत पुर्नस्थापन कार्यक्रमः** अभिभावक विहिन बालवालिका तथा हिंसा पिडीत दुवैलाई राहत पुर्नस्थापन र सिफारिसलाई जनाइन्छ।

(च) **चेतनामुलक कार्यक्रमः** मनोविमर्श, कानुनी, नितिगत, स्पष्टता, चेतना, जनाकारी सुचना, बाल स्वास्थ्य वन तथा वातावरण र सचेतनामूलक कार्यक्रम, बालबालिका संग सम्वन्धित रेडियो, टेलिभिजन सामग्री तथा श्रव्य दृष्य सामग्री उत्पादन र प्रसारण।

(छ) **अभियान मुलक कार्यक्रमः** बाल दिवस, बाल हिंसा विरुद्धका दिवसहरु, लागु औषध दिवस।

(ज) **किसोर किशोरी कार्यक्रमः** व्यक्तिगत स्वास्थ्य मुलक कार्यक्रम जस्तै किशोरी स्यानेटरी प्याड, किशोर किशिरी लागु औषध नियन्त्रण लगाएत अन्य।

(झ) **गै.स.स. साझेदारी कार्यक्रमः** गै.स.स. संग सम्झौता भई बालवालिका लक्षित कार्यक्रम।

✎४क. **जनशक्ति व्यवस्थापनः** (१) नगर प्रमुखसँग बालबालिका कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यलाई अझ प्रभावकारी बनाउन उक्त कार्यक्रम हेर्ने गरी एक जना सामाजिक परिचालक (चौथो तह सरह) को जनशक्तिको व्यवस्थापन गरी निजले देहाय बमोजिमका कार्य गर्नु गराउनु पर्नेछ।

**(क)**कार्यक्रम सञ्चालनमा प्रभावकारीताका नीति अवलम्बन गर्नु पर्नेछ,

**(ख)** सामुदायिक विद्यालयको पहिचान, लक्षित बालबालिका कार्यक्रम सञ्चालन,

**(ग)** कार्यक्रम सञ्चालनको प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्ने,

**(घ)** गै.स.स. सँगको समन्वयात्मक कार्यलाई प्रभावकारी बनाउने,

**(ङ)** संकलित डाटा समयमै पेश गर्ने र कार्यक्रम सञ्चालनको प्रगती प्रतिवेदन पेश गर्ने,

**(च)** सामुदायिक विद्यालय र नगरपालिका बीचको समन्वयलाई थप प्रभावकारी बनाउनमा सहयोग गर्ने।

## परिच्छेद-५
## विविध

५. **कार्यक्रम स्वीकृत सम्वन्धी व्यवस्थाः** नगर प्रमुख संग बालबालिका कार्यक्रम संचालनको लागि नगर शिक्षा समितिबाट कार्यक्रम स्वीकृत गरी संचालन गर्ने।

६. **बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या गर्ने अधिकार छायाँनाथ रारा नगर कार्यपालिकालाई हुनेछ।

७. **अनुगमनः** संचालन गरेका क्रियाकलापको नियमित अनुगमन नगरपालिकाले गरि आवश्यक निर्देशन दिन सक्ने छ।

८. **अन्यः** यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

९. **संशोधनः** यस कार्यविधि आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

१०. **खारेज तथा बचाउः** यस कार्यविधिका कुनै दफा, उपदफा, लगाएत सबै खण्ड वा आंशिक खण्ड कुनै ऐन, प्रचलित प्रदेश कानुन र संघिय कानुनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

✎पहिलो संशोधनबाट थप गरिएको

आज्ञाले
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत